# परिच्छेद– १

## स्थिति प्रतिवेदन आ.व. २०८०/०८१ को परिचय

### १.१ पृष्ठभूमि

शिक्षा समग्र विकासको आधारशीला हो । शिक्षा विकास एवम् प्रगतिको केवल पूर्वाधारमात्र नभएर मुख्य आधार पनि हो । समाज सापेक्ष शिक्षा कि शिक्षा सापेक्ष समाज भन्ने कुरा बहसको विषय हुन सक्ला । तर, व्यवहारिक, वैज्ञानिक एवम् सिपमूलक शिक्षाले समाजलाई बदल्न सक्छ । समाजलाई उन्नतिशील बनाउन सक्छ । सभ्य समाज बनाउन मद्दत गर्छ र समतामूलक समाज निर्माणमा साथ दिन्छ । ती देशहरु नै विकास र समृद्धिको सिढी चढ्न सफल छन् जसले शिक्षामा समुचित लगानी गरी यसलाई मुख्य प्राथमिकतामा राखेका छन् । शिक्षाको गुणस्तरीयताले समाजको प्रगति र उन्नययनमा सकारात्मक भूमिका खेल्ने कुरामा भने दुईमत हुन नसक्ला । गुणस्तरीय र व्यवहारिक शिक्षाले सिप, सिर्जना र रोजगारीको सम्भावनालाई बढाउँछ । सभ्यता र संस्कार सिकाउँछ । आपसी सद्भाव र मेलमिलापको संकृति विकास गर्छ । समाज र देशको लागि योगदान दिन सक्छ । सारमा समृद्धिको बाटो पहिल्याउन सघाउँछ । शिक्षाको योजनाबद्ध एवम् प्रणालीगत विकासको लागि सबै सरोकारवालाहरुको सक्रिय सहभागिता आवश्यक रहन्छ । शिक्षा प्रणालीलाई समयसापेक्ष बनाउदै देशको सम्मुन्नति र प्रगतिको निर्देशक सिद्धान्तको रुपमा स्वीकारिएको वर्तमान परिवेशमा शैक्षिक गतिविधिलाई योजनाबद्ध रुपमा सञ्चालन गर्न स्पष्ट नीति र त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक देखिन्छ । नेपालको समग्र सामुदायिक विद्यालयहरुको अवस्था अपेक्षाकृत सुधार ल्याउन अरु मिहेनत गर्न आवश्यक छ। नेपालको बागमती प्रदेश अन्तर्गत सिन्धुली जिल्लाको कमलामाई नगरपालिकाले समग्र शिक्षा क्षेत्रलाई व्यवस्थित र योजनाबद्ध रुपमा अगाडि बढाउने योजना अनुरुप नगर शिक्षा निति निर्माण गरी शैक्षिक क्षेत्रमा अपेक्षित सुधार गर्ने योजना बनाएको छ ।

नेपालको संविधान २०७२ को अनुसूची ८ मा विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा रहेको कुरालाई स्पष्ट पारिसकेको छ । यसै गरी स्थानीय

सरकार सञ्चालन निर्देशिका २०७४, ले पनि विद्यालय शिक्षा सम्बन्धी २३ ओटा बूँदा स्थानीय सरकारको कार्यक्षेत्र अन्तर्गत रहेको कुरा प्रस्ट्याएको छ । नेपालको वर्तमान संविधान २०७२, स्थानीय सरकार सञ्चालन निर्देशिका २०७४, दीगो विकास लक्ष्यको बूँदा नम्बर ४, सहश्राब्दी लक्ष्य, राष्ट्रिय शिक्षा नीति, २०७६, पन्ध्रौं योजना, विद्यालय क्षेत्रविकास योजना, नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरेको शिक्षा सम्बन्धी प्रतिवद्धता, समावेशी शिक्षाको विश्वब्यापी मान्यता, निःशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाले निर्देश गरेबमोजिम कमलामाई नगरपालिकाले शैक्षिक अवस्थाको जगमा टेकेर औपचारिक शिक्षालाई व्यवस्थित र योजनाबद्धरूपमा सञ्चालन गर्न तिनै तहको सरकारबाट प्राप्त शैक्षिक बजेट कार्यान्वयमा एकरूपता कायम गर्न र बजेटको उपलब्धि एवम् प्रभावकारिता यकिन गर्नका लागि सम्बन्धित शीर्षकको बजेटको खर्चको स्तर जानकारी प्राप्त गर्न आवश्यक हुन्छ। वार्षिक कार्यक्रम कार्यान्वयन,स्रोतको परिचालन, प्रभावकारिता मूल्याङ्कन एवम् परीक्षणको अवस्था र आगामी दिनमा निरन्तरताको औचित्य स्पष्ट गरी आवश्यक सहजीकरणका लागि योजना तथा कार्यक्रमको वार्षिक समीक्षा तथा प्रतिवेदन आवश्यक छ ।

## १.२ स्थितिप्रतिवेदनको उद्देश्य (प्रतिवेदन किन तयार गरियो २/३ वुँदामा उल्लेख गर्ने)

स्थिति प्रतिवेदन तयार गर्नुको मुख्य उद्धेश्य तपसिल बमोजिम छन्ः

१.शैक्षिक कार्यक्रमहरूको विद्यमान अवस्थाको पहिचान गर्नु र आगामी दिनको योजना तर्जुमा गर्नु ।

२.संघीय,प्रदेश तथा स्थानीय तहमा शैक्षिक कार्यक्रममा एकरूपता,प्रभावकारिता, पारदर्शिता र स्पष्टता कायम गर्नु ।

३. सरोकारवाला निकायहरूमा सूचना सम्प्रेषण गर्नु र राज्यका तीनै तहसँग समन्वय एवम् सहकार्य गर्नु ।

## १.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

- प्रस्तावित ढाँचाका आधारमा प्रतिवेदनको मस्यौदा तयारी
- सरोकारवालासँगको राय तथा परामर्श
- सङ्गठन भित्रको अन्तर शाखागत छलफल
- प्रतिवेदनको अन्तिमीकरण, प्रस्तुत तथा सम्प्रेषण

## १.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू (आधारहरू) :

वार्षिक कार्यकम र बजेट, **EMIS,** वि.सु.यो, गाउँ/नगर प्रोफाइल, स्थानीय तहबाट भएका अनुगमन निरीक्षण प्रतिवेदन, विद्यालय प्रोफाइल अध्यावधिक विद्यालय सुधार योजना, सामाजिक परीक्षण प्रतिवेदन आदि ।

# परिच्छेद २

# शैक्षिक अवस्था

## २.१ साक्षरताको स्थिति

यस कमलामाई नगरपालिका अन्तर्गतको साक्षरताको अवस्था तपसिल बमोजिम देखिन्छः

पुरूष साक्षरताको अवस्था : ८९.२०

महिला साक्षरताको अवस्था: ७८.६०

औषत साक्षरताको अवस्था : ७५.९४

**२.२ शिक्षण संस्थाहरूको सङ्ख्यात्मक विवरण** : सामुदायिक तथा संस्थागत विद्यालयको विवरण प्रस्ट हुने गरी विद्यालय, विद्यार्थी, शिक्षक, सामुदायिक सिकाइ केन्द्र, सामुदायिक क्याम्पस लगायतका पक्षको सङ्ख्यात्मक अवस्था:

# शिक्षण संस्थाको संख्यात्मक विवरण

तालिका नं १

| क स | शिक्षण संस्थाहरूको संख्यात्मक विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक | ७८ | |
| २ | संस्थागत | २४ | |
| ३ | सामुदायिक सिकाइ केन्द्र | ४ | |
| ४ | सामुदायिक क्याम्पस | ५ | |

## २.३ विद्यार्थी विवरणः

तालिका न.२

| कक्षा | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|
| वालविकास | ११३५ | १४३१ | २५६६ | |
| १ | ९२४ | ८४४ | १७६८ | |
| २ | ७९२ | ८८५ | १६७७ | |
| ३ | ८३७ | ८८३ | १७२० | |
| ४ | ८६४ | ८५१ | १७१५ | |
| ५ | ९७० | ८२६ | १७९६ | |
| ६ | ९८२ | ७७० | १७५२ | |
| ७ | १०३० | ६१६ | १६४६ | |
| ८ | १०१४ | ४९३ | १५०७ | |
| ९ | ११२७ | ४८९ | १६१६ | |
| १० | ११२४ | ४२३ | १५४७ | |
| ११ | ११५२ | १३६ | १२८८ | |

| | | | | |
|---|---|---|---|---|
| १२ | १२०३ | ५२ | १२५५ | |
| जम्मा | १३१५४ | ८६९९ | २१८५३ | |

स्रोत :IEMIS २०८०/०८१

| क्र.स. | विद्यालकोप्रकार | शिक्षक विवरण | विद्यार्थी विवरण | कैफियत |
|---|---|---|---|---|
| | | **क्याम्पस** | | |
| १ | सिन्धुली बहुमुखी क्याम्पस, ढुङ्ग्रेबास | ३३ | २४३ | |
| २ | सिद्धज्योति शिक्षा क्याम्पस, फोस्रेटार | १३ | ४७८ | |
| ३ | कमला साइन्स क्याम्पस, ढुङ्ग्रेबास | ०७ | १५० | |
| ४ | गौमती बहुमुखी क्याम्पस | १९ | ६१६ | |
| ५ | जनजागृति क्याम्पस भीमान | ११ | २०१ | |
| | | **सामुदायिक सिकाइकेन्द्र** | | |
| १ | कमलामाई सामुदायिक सिकाइ केन्द्र | १ | | |
| २ | भद्रकाली सामुदायिक सिकाइ केन्द्र | १ | | |
| ३ | रानीचुरी सामुदायिक सिकाइ केन्द्र | १ | | |
| ४ | रानीबास सामुदायिक सिकाइ केन्द्र | १ | | |

## २.४ भौतिक तथा पूर्वाधारको अवस्था (भवन, कक्षाकोठा, शौचालय, प्रयोगशाला, पुस्तकालय, स्कुल बस) आदि

यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूको भौतिक अवस्था सन्तोषजनक नै पाईन्छ ।अधिकांश विद्यालय भवनहरू पक्की छन् ।

विद्यालयमा छात्र तथा छात्राका लागि शौचालयको व्यवस्था पनि रहेको छ । नगर भित्रका अधिकांश  माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला, आई.सि.टि.ल्याव,पुस्तकालय छन् ।त्यसैगरी नगरभित्रशिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा अनुदान प्राप्त एक नमुना विद्यालय सञ्चालनमा रहेका छ । विभिन्न विषयका प्रयोगशालाहरु निर्माण भएतापनि छुट्टै कोठाको व्यवस्थापन गर्न भने सकिएको छैन ।

## २.५ विद्यालय शिक्षाका शैक्षिक सूचकहरु:

तालिका न. ३

| क्र स | शिक्षाका शैक्षिक सूचकहरु | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय तहको गाँउ वा नगर शिक्षा योजना निर्माण | १ | |
| २ | विद्यालय सुधार योजना | ७८ | |
| ३ | लेखा परीक्षण प्रतिवेदन | ७८ विद्यालय | |
| ४ | सामाजिक परीक्षण | ७८ विद्यालय | |
| ५ | अंग्रेजी माध्यमबाट शिक्षण हुने सामुदायिक विद्यालय विवरण | २४ | |
| ६ | अनिवार्य तथा नि:शुल्क विद्यालय शिक्षाको कार्यान्वयनमा स्थानीय तहको मार्ग चित्र | नगर शिक्षा तथा शैक्षिक रणनीतिक कार्यक्रमविकास गरि  कार्यान्वनमा रहेको | |

यस नगरभित्रका शैक्षिक संस्था एवम् शिक्षण सिकाइ सुधार गर्ने र कमलामाई शैक्षिक हबको नमुना बनाउने अभिप्रायले कमलामाई नगरपालिकाले गत आर्थिक वर्ष २०७६/०७७ बाट नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिरहेको छ । सामुदायिक विद्यालयहरूले विद्यालयको समग्र पक्षको विकासका लागि विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ बमोजिम विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्ने गरेका छन् । सोको लागि विद्यालयहरूलाई वार्षिक रूपमा एकमुष्ठ अनुदान पनि उपलब्ध गराइएको छ ।

विद्यालयहरूलाई सर्सत तथा अनुदानका रूपमा राज्यका तीनै तहबाट विभिन्न शीर्षकहरूमा बजेट उपलब्ध हुन्छन् तर कतिपय विद्यालयहरूले आर्थिक अनुशासन एवम् पारदर्शिता कायम गर्न नसक्दा बेरूजुको स्थितिको सिर्जना हुन्छ र भएका छन् भन्ने कुरा विद्यालय निरीक्षणका क्रममा विद्यालय लेखापरीक्षण प्रतिवेदन तथा अन्य स्रोतबाट समेत जानकारी पाईन्छ । विद्यालय विकासको एक सूचकका लेखापरीक्षणलाई लिएको हुन्छ । बेरूजुको स्थिति यस कारण उक्त अवस्थाको सिर्जना नहोस् भन्नका लागि विद्यालयहरूलाइ निरन्तर सजग एवम् अनुगमन गरी आवश्यक परेको खण्डमा प्रक्रियागत कारवाही समेत गर्ने गरेका छौ ।

सार्वजनिक शिक्षाको सवलीकरण गर्ने उद्धेश्यले राज्यका तिनै तहदेखि योजनाको निर्माण र कार्यान्वयनमा एकरूपता ल्याउने प्रयास निरन्तर भइरहेको छ । सामुदायिक विद्यालयप्रति अभिभावक एवम् विद्यार्थीको लगाव बढाउनका लागि विद्यालयहरूले निरन्तर प्रयास गरिरहेका छन् ।त्यसै अनुरूप नगर भित्रका कतिपय विद्यालयहरूले अभिभावक एवम् विद्यार्थीको  माग सम्बोधन गर्दै अंग्रेजी माध्यमबाट पठनपाठन कार्यलाई निरन्तरता दिईरहेका छन् । नगरभित्र अंग्रेजी माध्यममा पठनपाठन हुने संस्थागत विद्यालयहरूको विवरण तपसिल बमोजिम छन् :

# तालिका नं ४

| अंग्रेजी माध्यममा पठनपाठन हुने विद्यालयहरूकोविवरण,२०८० | | |
|---|---|---|
| क्र.स. | विद्यालयको प्रकार | विद्यमान अवस्था |
| १ | श्री आधुनिक नमुना एकेडेमी, साङ्गबाले | ०६ |
| २ | श्री आधुनिक अंग्रेजी बोर्डिङ विद्यालय | ०-१० |
| ३ | श्री कमला एकेडेमी | ०-११ |
| ४ | श्री गाईड अंग्रेजी बोर्डिङ विद्यालय | ०-८ |
| ५ | श्री गुराँस इङ्लिस बोर्डिङ स्कुल | ०-३ |
| ६ | श्री जनता अंग्रेजी बोर्डिङ विद्यालय | ०-१० |
| ७ | श्री न्यू स्टार अंग्रेजी बोर्डिङ विद्यालय | ०-९ |
| ८ | श्री सिन्धुली एकेडेमी | ०-१२ |
| ९ | श्री न्यू सिध्दस्थली अंग्रेजी बोर्डिङ विद्यालय | ०-१० |
| १० | श्री विद्याश्रम अंग्रेजी बोर्डिङ विद्यालय | ०-१० |
| ११ | श्री बोर्डिङ स्कुल माइस्थान करकरे | ०-६ |
| १२ | श्री भगवति अंग्रेजी बोर्डिङ विद्यालय | ०-१२ |
| १३ | श्री मधुगंगा इङ्लिस स्कुल | ०-४ |
| १४ | श्री स्कोलर्स एकेडेमी | ०-१० |
| १५ | श्री स्वीस अंग्रेजी बोर्डिङ विद्यालय | ०-१० |
| १६ | श्री समता स्कुल | ०-७ |
| १७ | श्री समय पाठशाला | ०-१० |
| १८ | श्री साइनिङ मुन अंग्रेजी बोर्डिङ विद्यालय | ०-१० |
| १९ | श्री सिन्धु शुभप्रभात अंग्रेजी बोर्डिङ विद्यालय | ०-१० |
| २० | श्री सिन्धुलीगढी पब्लिक स्कुल | ०-८ |
| २१ | श्री सिध्दबाबा अंग्रेजी बोर्डिङ विद्यालय | ०-१२ |
| २२ | श्री सिध्दस्थली अंग्रेजी बोर्डिङ विद्यालय | ०-१२ |
| २३ | श्री सिन्धुली पाठशाला | ०-१० |
| २४ | श्री सुर्योदय अंग्रेजी बोर्डिङ विद्यालय | ०-१० |

## छात्रवृत्ति सम्बन्धमा

राज्यले **IEMIS** मा प्रविष्ट तथ्याङ्कलाई आधार मानेर आवासीय तथा गैर-आवासीय छात्रवृत्ति उपलब्ध गराउदै आएको छ । यस नगरभित्र आवासीय तथा गैर-आवासीय छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण तपसिल बमोजिम रहेका छन् :

**आवासीय तथा गैर-आवासीय छात्रवृत्ति**

आवासीय छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या : २१८
गैरआवासीय छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या : १२२
छात्रा, दलित र सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या : ४४७१

# परिच्छेद ३

## कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति

## ३.१ शिक्षा क्षेत्रको वजेट र खर्चको अवस्था

तालिका न.८

| वजेटको स्रोत | वार्षिक प्राप्त वजेट | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| संघीय सरकार -ससर्त | ४५,०२,००,०००.०० | ४३,८४,७०,०००.०० | ९७.३९ | |
| प्रदेश सरकार | ३४,०८,०००.०० | ३४,०८,०००.०० | १०० | |
| स्थानिय सरकार | ४,१९,५३,८७१.०० | ४,१९,५३,८७१.०० | १०० | |

## ३.२ वजेट उपशीर्षक अनुसार वजेट तथा खर्चको अवस्था

तालिका न.९

| सि नं. | क्रियाकलाप कोड नं. | क्रियाकलाप | इकाई | भौतिक लक्ष्य | वार्षिक वजेट रु हजार मा | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | १.१.३.३ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका | | १०० | २६,१५०० | २४,३८,२६,२७७।६९ | ९३.२४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शिक्षक/कर्मचारीहरु समेत) | | | | | |
| २ | १.१.३.४ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | | १०० | ८,३००० | ८,४५,७३,०२६।५० | १०० |
| ३ | १.१.४.१ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | | १०० | २,५१,८७ | २,४३,७२,७९६।०० | ९६.७६ |
| ४ | १.१.१.२.१ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | | १०० | ४५,०० | ४५,००,०००।०० | १०० |
| ५ | २.४.६.१ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तकअनुदान | | १०० | ८४,०८ | ७७,९४,७६६।०६ | ९२.७० |
| ६ | २.७.१.३.१.० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | | १०० | ६६,१८ | ४५,७८,७४४।०० | ६९.१८ |
| ७ | २.७.१.३.१.१ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाकाकार्यक्रम समेत) | | १०० | १०,१२ | ५,४२,०००।०० | ५३.५५ |
| ८ | २.७.१.३.१.३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | | १०० | १,०२५ | १,०२,५०,०००।०० | १०० |
| ९ | २.७.१.३.३ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८को परीक्षा व्यवस्थापन अनुदान | | १०० | ५८,४२ | ६२,४३,३५०।८० | |
| १० | ७.२.१.१ | सार्वजनिक विद्यालयमा | | १०० | १,०९,९ | १,०८,९९,२० | ९९.१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | | | ० | ०।०० | ७ |
| ११ | २.७.१.१.१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | | १०० | १,६४,४३ | १,१८,७६,५०५।०० | ७२.२२ |
| १२ | २.७.१.३.२.३ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | | १०० | ४१,७८ | २७,८८,५२०।०० | ६६.७४ |
| १३ | २.७.१३.३३ | अंग्रेजी ,गणित र विज्ञान विषयमा शिक्षणसहयोग अनुदान | | १०० | १,०२,०९ | ९०,४९,४६०।६० | ८८.६४ |
| १४ | २.७.२५.६२ | कोभिड १९ का कारण उत्पन्न परिस्थितमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | | १०० | ८,०० | ८,००,०००।०० | १०० |
| १५ | २.७.१३.५१ | संस्थागत क्षमता विकास, परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्याङ्कन | | १०० | २२,६३ | २२,६३,०००।०० | १०० |
| १६ | २.७.१३.५५ | व्यवस्थापकीय तथा शैक्षिक सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालयहरुलाई नतिजामा आधारित प्रोत्साहन अनुदान | | १०० | ५,०० | ५,००,०००।०० | १०० |
| १७ | | **CTEVT** को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | | १०० | ३५,०० | १४,००,०००।०० | ४० |
| **जम्मा** | | | | | ४५,०२,०० | ४२,६२,५७,६४६.६५ | ९४.६८ |

## ३.३ कार्यक्रम कार्यान्वयनका मुख्य समस्या तथा चुनौतीः

- अग्रिम त्रैमासिक रकम फुकुवा
- सबै विद्यालयहरु प्रविधिको पहुँचमा नहुनु
- प्रविधिलाई शिक्षण सिकाइमा जोड्न नसक्नु

- स्थानीय तहमा शिक्षाका गतिविधिहरु, कार्यक्रमहरु संघीय नीति र बजेटमा आधारित रहनु
- सार्वजनिक शिक्षाप्रति शिक्षाका सरोकारवाला तथा अभिभावकहरुलाई आर्कषण गर्न नसक्नु
- अपुग बजेट समयमा नै निकासा नहुनु
- कार्यक्रमको बजेट कार्य सम्पन्न भईसक्दा पनि निकासा नहुनु

## ३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपायः

- समयमा नै वजेट निकासा
- स्थानीय तहलाई प्राप्त अनुदानको न्युनतम् प्रतिशत निर्धारण गरी शिक्षामा विनियोजन गर्ने नीतिगत व्यवस्था गरिनु पर्ने
- प्रभावकारी तथा नियमित अनुगमन, नतिजामा आधारित अनुगमन हुनुपर्ने ।

# परिच्छेद– ४

# उपलब्धि तथा कार्यक्रम विस्तृतीकरण

यस खण्डमा स्थानीय तहले ससर्त अनुदानबाट प्राप्त वजेट तथा स्थानीय तहले आफ्नो स्रोतबाट सञ्चालित कार्यक्रमहरुमा तपसिलका क्षेत्रमा वार्षिक रुपमा सम्पादन गरेका कार्यक्रमबाट भएका उपलब्धि, प्रगतिको सङ्ख्यात्मक अनुपात एवम् प्रतिशतमा र कार्यक्रम प्राप्त गर्ने विद्यालयको नामनामेसी सहितको विवरण उल्लेख गरी संक्षिप्त विश्लेषण उल्लेख गर्नुपर्नेछ । कार्यक्रमको भौतिक लक्ष्य एवम् प्रगति उल्लेख गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित मूल क्रियाकलापमा उल्लेखित उप-क्रियाकलापलाई आधार मानि भौतिक तथा वित्तीय प्रगति समावेश गर्नुपर्नेछ ।

## ३.१ शिक्षक दरवन्दी मिलानको प्रगति विवरण

यस कमलामाई नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको दरवन्दी मिलान सम्बन्धी काम सम्पन्न गर्ने प्रयोजनका लागि नगर शिक्षा समितिको निर्णयबमोजिम गठित कार्यदलले दरवन्दी मिलान सम्बन्धी निर्धारण गरेका आधारमा (शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्धारण गरेको

कार्यविधि समेत) मिति २०७७।०६।२५ का दिन अन्तिम प्रतिवेदन पेस गरेको थियो र सोही प्रतिवेदन बमोजिम नगरभित्र कार्यरत शिक्षकहरूको दरवन्दी मिलान सम्बन्धी कार्य सम्पन्न गरी सोही प्रावधान अनुरूप शिक्षक व्यवस्थापन समेत गरी सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइ तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा समेत पेस गरिएको छ ।

**क) उत्कृष्ट सिकाइ उपलव्धी भएका विद्यालयलाइ सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान तथा तोकिएको सूचकांकको आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान(Performance based Grants) कार्यान्वयनको अवस्था**

यस कमलामाई नगरपालिकाले गत आ.व.२०८०।०८१ मा कक्षा ८ ,कक्षा १० को परीक्षा नतिजा, सिकाइ उपलब्धि लगायत विद्यालयले पेस गरेको प्रस्तावका आधारमा मूल्याङ्कन गरी स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रहि उत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने तपसिलको विद्यालयलाई उक्त अनुदान उपलब्ध गराइएको छ ।

**तालिका नं १०**

| क्र.स. | विद्यालयकोनाम | प्राप्त अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री गौमती मा.वि. माढीबजार | २,००,००० | |
| २ | श्री ज्ञानज्योति आ.वि. काउछे | ३,००,००० | |

**ख) विद्यालय सुशासन तथा पारदर्शितामा गरिएका प्रयासहरुः**

- विद्यालय व्यवस्थापन समिति तथा अभिभावक क्षमता अभिवृद्धि तालिम
- विद्यालयका IT फोकल शिक्षक तथा लेखा सहायकहरुलाई IEMIS तथा लेखा व्यवस्थापन सम्बन्धी तालिम
- एकीकृत पाठ्यक्रम सम्बन्धी तालिम
- प्रधानाध्यापकहरुको त्रैमासिक समिक्षा वैठक वार्षिक ४ पटक
- विद्यालय सामाजिक लेखा परिक्षण तथा अन्तिम लेखा परिक्षण
- वेरुजु रकम फस्यौंट
- अनुगमन

**ग) अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदान कार्यान्वयनको अवस्था अनुदान प्राप्त गर्ने विद्यालयको नामावली उल्लेख गर्ने**

क) यस कमलामाई नगरपालिका अन्तर्गत अङ्ग्रेजी,गणित तथा विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयहरूको विवरण तपसिल बमोजिम छन्:

**तपसिल** तालिका नं १२

| अंग्रेजी, गणित तथा विज्ञान विषयको शिक्षण सहयोग अनुदान | | | | |
|---|---|---|---|---|
| क्र.स. | विद्यालयकोनाम | प्रदानगरिएको दरवन्दी | १३ महिनाको तलव खर्च | कैफियत |
| १ | श्री कालिका माध्यमिक विद्यालय, पल्लोरामपुर | २ | ११,३५,९१४ | |
| २ | श्री जनजागृति माध्यमिक विद्यालय, टंसार | २ | १०,३८,३४१ | |
| ३ | श्री नवज्योति बहिरा मा.वि. जसेदमार | २ | ३,८१,५५०.६ | |
| ४ | श्री पञ्चकन्या माध्यमिक विद्यालय, कुँडुले | २ | ११,३५,९१४ | |
| ५ | श्री ज्ञानोदय माध्यमिक विद्यालय, भीरगाँउ | २ | १०,७६,२०४ | |
| ६ | श्री माध्यमिक विद्यालय, तीनपाटन बाँझे | २ | ११,३५,९१४ | |
| ७ | श्री माध्यमिक विद्यालय, पीपलभञ्ज्याङ | १ | ५,६७,९५७ | |
| १० | श्री शिखर माध्यमिक विद्यालय, बेल्टार | १ | ५,६७,९५७ | |
| ११ | श्री आधारभूत विद्यालय, बाँसकटेरी | १ | ४,५१,४९० | |
| १३ | श्री चन्द्रादेवी आधारभूत विद्यालय, सिरुडाँडा | १ | ४,५१,४९० | |
| १४ | श्री सरस्वती आधारभूत विद्यालय, रिठ्ठाबोटे | १ | ४,५१,४९० | |

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री सिद्धकाली आधारभूत विद्यालय, केवरे | १ | २,०३,७४९ | |
| १६ | श्री ज्ञानज्योती आधारभूत विद्यालय, काउँछे | १ | ४,५१,४९० | |
| १५ | | १९ जना | ९०,४९,४६०.६० | |

**घ) विद्यालयमा विज्ञान प्रयोगशाला, ICT Lab. पुस्तकालय तथा इन्टरनेट सुविधा पुगेका विद्यालयको अवस्था (यस क्रियाकलापमा हालसम्म अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालनमा रहेका विद्यालयको नामावली उल्लेख गर्ने नमुना विद्यालय भए कैफियतमा जनाउने तथा उक्त कार्यक्रम प्राप्त हुन बाँकी रहेका विद्यालयको संख्यात्मक विवरण समेत उल्लेख गर्ने)**

यसकमलामाई नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला, ICT Lab, पुस्तकालय तथा इन्टरनेट सुविधा पुगेका विद्यालयहरूको अवस्था एवम् सङ्ख्यात्मक विवरण तपसिल बमोजिम छन्:

## माध्यमिकतहको विद्यालयहरूको विवरण

तालिका नं १३

| क्र.स. | विद्यालयको नाम | विद्यमान अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| | | पुस्तकालय | विज्ञान प्रयोगशाला | Ict ल्याव | इन्टरनेट | कैफियत |
| १ | श्री कमला मा.वि. माइस्थान करकरे | छ | छ | छ | छ | |
| २ | श्री कमला मा.वि. ढुङ्ग्रेबास | | छ | छ | छ | |
| ३ | श्री कमला जनज्योति मा.वि. सिलामे | छ | छ | छ | छ | |
| ४ | श्री कालिका मा.वि. धमिले जरायोटार | छ | छ | छ | छ | |
| ५ | श्री कालिका मा.वि. पल्लोरामपुर | छ | छ | छ | छ | |
| ६ | श्री कुण्डेश्वरी मा.वि. बेसारेबेंशी | छ | छ | छ | छ | |
| ७ | श्री गौमती मा.वि. माढीबजार | छ | छ | छ | छ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | श्री चण्डेश्वरी मा.वि. डाँडी | छ | छ | छ | छ | |
| ९ | श्री जनता मा.वि. चन्दनपुर | छ | छ | छ | छ | |
| १० | श्री जनजनगृति मा.वि. भीमान | छ | छ | छ | छ | |
| ११ | श्री जनजागृति मा.वि. निबुवाटार | छ | | छ | छ | |
| १२ | श्री जलकन्या मा.वि. चपौली | | | छ | छ | |
| १३ | श्री जनजागृति मा.वि. टङ्सार | छ | छ | | छ | |
| १४ | श्री जनज्योति मा.वि. फोस्रेटार | छ | | छ | छ | |
| १५ | श्री नवज्योति बहिरा मा.वि. | छ | छ | छ | छ | |
| १६ | श्री पञ्चकन्या मा.वि. कुडुले | छ | छ | छ | छ | |
| १७ | श्री प्रभात मा.वि. रानीबास | | | छ | छ | |
| १८ | श्री प्रगतिशिल मा.वि. धामिडुमरिया | छ | छ | छ | छ | |
| १९ | श्री बरुणदेवी मा.वि. खट्टार | छ | | छ | छ | |
| २० | श्री मा.वि. गडौली | | | छ | छ | |
| २१ | श्री ज्ञानोदय मा.वि. भीरगाउँ | छ | | | छ | |
| २२ | श्री मा.वि. तीनपाटन बाँझे | | छ | छ | छ | |
| २३ | श्री मा.वि. पिपलभञ्याङ | छ | छ | | छ | |
| २४ | श्री सिध्दबाबा मा.वि. पानीट्याङ्की | छ | | छ | छ | |
| २५ | श्री शिखर मा.वि. बेल्टार | छ | | छ | छ | |
| २६ | श्री शंकरेश्वर मा.वि. जखनी | छ | | छ | छ | |

# आधारभूततहका विद्यालयहरूको विवरण

## तालिका नं. १४

| क्र.स. | विद्यालयको नाम | विद्यमान अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| | | पुस्तकालय | विज्ञान प्रयोगशाला | Ict ल्याव | इन्टरनेट | कैफियत |
| १ | श्री कमला मा.वि. तिनतले | छैन | छैन | छैन | छ | |
| २ | श्री नि.मा.वि. थाक्लेडाँडा | छैन | छैन | छैन | छ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | श्री नि.मा.वि. बाँसकटेरी | छैन | छैन | छैन | छ | |
| ४ | श्री नि.मा.वि. सिरुडाँडा | छैन | छैन | छैन | छ | |
| ५ | श्री बम्बेश्वर नि.मा.वि. खट्टार | छैन | छैन | छैन | छ | |
| ६ | श्री सरस्वती नि.मा.वि. रिठ्ठाबोटे | छैन | छैन | छैन | छ | |
| ७ | श्री सिध्दकाली नि.मा.वि. केवरे | छैन | छैन | छैन | छ | |
| ८ | श्री ज्ञानज्योति नि.मा.वि. काउछे | छ | छैन | छैन | छ | |
| ९ | श्री उत्पन्न प्रा.वि. पचभैया | छैन | छैन | छैन | छैन | |
| १० | श्री उज्यालो प्रा.वि. हायुगाँउ | छैन | छैन | छैन | छैन | |
| ११ | श्री कमला प्रा.वि. चन्दनपुर | छैन | छैन | छैन | छ | |
| १२ | श्री कमला जनज्योति प्रा.वि. खोरिया | छैन | छैन | छैन | छ | |
| १३ | श्री कमलकन्या प्रा.वि. माझबोहोरे | छैन | छैन | छैन | छैन | |
| १४ | श्री कालिका प्रा.वि. पोख्रेलगाउँ | छैन | छैन | छैन | छैन | |
| १५ | श्री कुसुम प्रा.वि. कुसुमटार | छैन | छैन | छैन | छ | |
| १६ | श्री चदाहाकमला सङगम प्रा.वि. रुचानी | छैन | छैन | छैन | छ | |
| १७ | श्री जनकल्याण प्रा.वि. मडाहा रानिवास | छैन | छैन | छैन | छ | |
| १८ | श्री जनता प्रा.वि. ज्यामिरे | छैन | छैन | छैन | छैन | |
| १९ | श्री जनसृजना प्रा.वि. गौरङटोल | छैन | छैन | छैन | छैन | |
| २० | श्री जनमुखि प्रा.वि. ढाँडे | छैन | छैन | छैन | छैन | |
| २१ | श्री जनजिवन प्रा.वि. जस्मनटार | छैन | छैन | छैन | छैन | |
| २२ | श्री जनचाहना प्रा.वि. ओल्लोरामपुर | छैन | छैन | छैन | छ | |
| २३ | श्री जनजागरण प्रा.वि. छतिवन | छैन | छैन | छैन | छ | |
| २४ | श्री जनसेवी प्रा.वि. निपानेदमार | छैन | छैन | छैन | छैन | |
| २५ | श्री जनज्योति प्रा.वि. मरिणंकोप्चे | छैन | छैन | छैन | छैन | |
| २६ | श्री जनसेवा प्रा.वि. बुदुनाखोला | छैन | छैन | छैन | छ | |
| २७ | श्री तीनकन्या प्रा.वि. सुनडाँडा | छैन | छैन | छैन | छैन | |
| २८ | श्री देउराली प्रा. वि. सातपत्रे | छैन | छैन | छैन | छैन | |
| २९ | श्री धमिले प्रा.वि. झाक्रिडाँडा | छैन | छैन | छैन | छैन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | श्री पञ्चकन्या प्रा.वि. ऐसेलुजँघार | छैन | छैन | छैन | छ | |
| ३१ | श्री प्रा.वि. केरावारी | छैन | छैन | छैन | छैन | |
| ३२ | श्री नमोबुद्ध प्रा.वि. तेर्सोखड्कुले | छैन | छैन | छैन | छैन | |
| ३३ | श्री प्रा.वि. फाल्चुरी | छैन | छैन | छैन | छैन | |
| ३४ | श्री प्रा.वि. बाटोनिगाले | छैन | छैन | छैन | छैन | |
| ३५ | श्री प्रा.वि. प्रतापेभङ्ग्याङ | छैन | छैन | छैन | छैन | |
| ३६ | श्री बागेश्वरी प्रा.वि. बागछेडा | छैन | छैन | छैन | छैन | |
| ३७ | श्री बालज्योति प्रा.वि. काङ्रिङ | छैन | छैन | छैन | छैन | |
| ३८ | श्री बिपि प्रा.वि. शिखरपुर | छैन | छैन | छैन | छैन | |
| ३९ | श्री मनकामना प्रा.वि. जरायोटार | छैन | छैन | छैन | छ | |
| ४० | श्री महाकाली प्रावि वाल्दिङ | छैन | छैन | छैन | छैन | |
| ४१ | श्री रक्तमाला प्रा.वि. भङ्ग्याङ्पोखरी | छैन | छैन | छैन | छ | |
| ४२ | श्री लालीगुराँस प्रा.वि. घैयाडाँडा | छैन | छैन | छैन | छैन | |
| ४३ | श्री लालीगुराँस प्रा.वि. मझिनीदमार | छैन | छैन | छैन | छ | |
| ४४ | श्री शहिद प्रा.वि. पन्नेसी | छैन | छैन | छैन | छ | |
| ४५ | श्री सातकन्या प्रा.वि. ठुलडाँडा | छैन | छैन | छैन | छैन | |
| ४६ | श्री सिध्द प्रा.वि. अँधेरीभङ्ग्याङ | छैन | छैन | छैन | छ | |
| ४७ | श्री हरिठाकुर प्रा.वि. हरिथुम्का | छैन | छैन | छैन | छैन | |
| ४८ | श्री हरियाली प्रा.वि. कोरुमखोला | छैन | छैन | छैन | छैन | |
| ४९ | श्री हिमचुली प्रा.वि. रानीचुरी | छैन | छैन | छैन | छैन | |
| ५० | श्री त्रिवेणी प्रा.वि. दोभानटार | छैन | छैन | छैन | छ | |
| ५१ | श्री प्रा.वि. धप्सारबेसारे | छैन | छैन | छैन | छैन | |
| ५२ | श्री सरस्वती प्रा.वि. शाखाजोर | छैन | छैन | छैन | छ | |

## ३.२ विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगको स्थिति यस आ.व.मा स्थानीय तहबाट विद्यालयमा भएको सुपरीवेक्षण तथा पेसागत

सहयोगमा भएका कार्यहरुको सङ्ख्यात्मक एवम्  कार्यहरुको संक्षिप्त विवरण उल्लेख गर्ने)

यस कमलामाई नगरपालिका शिक्षा शाखाद्वारा नगरभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूको नियमित अनुगमन गर्ने गरिएको छ । अनुगमनका क्रममा विद्यालयको समग्र पक्ष तथा शिक्षकलाई पेसागत सहयोगमा थप मद्दत गर्ने अभिप्रायले कम्तिमा महिनामा १ पटक विद्यालयको अनुगमन गर्ने गरिएको छ । अनुगमनको सिलसिलामा कक्षा अवलोकन तथा वार्षिक कार्यक्रमहरुको अनुगमन तथा कमजोर पक्ष सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने कार्य भएको छ । शिक्षा सहजकर्ता तथा नगरपालिका जनप्रतिनिधि र कर्मचारीको संयुक्त अनुगमन भई विद्यालय शिक्षाका विभिन्न विषयहरुमा सुझाव सल्लाह प्रदान गर्ने गरिएको छ ।

| क्र.सं. | कार्यक्रम विवरण | विद्यालय सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | शिक्षकको पेसागत सहयोग / कक्षा अवलोकन | ५३ | |
| २ | विद्यालय सुपरीवेक्षण | ७८ | |
| ३ | शैक्षिक तथ्याङ्क व्यवस्थापन सम्बन्धी प्राविधिक सहयोग | ७८ | |

## ३.३ वाल विकास केन्द्रको अवस्था : ( नक्सांकन, स्थानीय तहबाट आफ्नै स्रोतबाट सञ्चालित केन्द्रभए सोको  विवरण उल्लेख गर्ने)

नगरपालिका क्षेत्रमा सञ्चालित कुल ७८ वटा विद्यालयहरुमा ७१ वटा वालविकास केन्द्रहरु संघीय सरकारबाट नियमित अनुदान प्राप्त गर्ने गरि विद्यालयमा अधारित वालविकास केन्द्र सञ्चालित रहेका छन् भने स्थानीय सरकारकातर्फबाट थप १५ वटा वालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् ।

## ३.४ विद्यालय सुधार योजना निर्माण सामाजिक परीक्षणको अवस्था

यस नगरभित्र सञ्चालित अधिकांश सामुदायिक विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्ने गर्दछन् भने केहि विद्यालयहरूले सो कार्यलाइ निरन्तरता दिएको पाइदैन । विद्यालयको सामाजिक परीक्षण गर्नु गराउनु र सोको जानकारी सरोकारवालाहरूलाई गराउनु विद्यालयको जिम्मेवारी हो । सरोकारवालाहरुसँगको व्यापक छलफल गरी पाँच वर्षका लागि निर्माण गरिनु पर्ने भए पनि प्रगति देखाउनका लागि मात्र  निर्माण गर्ने  परिपाटी कायमै देखिएको भएता पनि सबै विद्यालयहरुमा विद्यालय सुधार योजना र सामाजिक परिक्षण कार्य सम्पन्न भएका छन्  ।

## ३.५ कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि भएका कार्यक्रम तथा प्रयासहरु

सघन कार्यक्रम कार्यान्वयनका लागि यस कमलामाई नगरपालिका छनौट भए बमोजिम ७८ ओटा सामुदायिक विद्यालयहरुमा ReAL Plan कार्यक्रम कार्यान्वयन गरि कक्षा १ देखि कक्षा ८ सम्मका विद्यार्थीहरुलाई द्रुत सिकाइ मार्फत उपचारात्मक कक्षा सञ्चालन गरि विद्यार्थीको सिकाइको स्तरोन्ति गरिएको ।

## ३.६ विद्यार्थी मूल्याङ्कन (निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था मूल्याङ्कन व्यवस्थित गर्न स्थानीय तहबाट भएका अभ्यासहरु उल्लेख गर्ने)

विद्यालयहरूले कक्षा १-३ सम्म पूर्ण रुपमा निरन्तर मूल्याङ्कन, कक्षा ४-५ मा आंशिक रुपमा निरन्तर मूल्याङ्कन र आंशिक रुपमा आवधिक मूल्याङ्कन गर्ने गरिएको छ भने कक्षा ६, ७ र ९ मा आवधिक मूल्याङ्कन कक्षा ८ नगरपालिका स्तरीय मूल्याङ्कन र कक्षा १० को अन्तिममा राष्ट्रिय परीक्षा बोर्डद्वारा  सञ्चालन गर्ने प्रवन्ध रहेको छ भने कक्षा ११-१२ को मूल्याङ्कन राष्ट्रिय परीक्षा बोर्डको नियमानुसार  नै हुने गरेको छ ।

## ३.७ छात्रवृत्ति वितरण  (आवासीय तथा गैहं आवासीय छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको संख्यात्मक विवरण व्यवस्थित गर्न स्थानीय तहले गरेका प्रयासहरु समेत उल्लेख गर्ने)

आवासीय तथा गैर आवासीय छात्रवृत्ति वितरण गर्दा **IEMIS**को तथ्याङ्कसँग विद्यालयबाट प्राप्त माग फारामलाई पुन: रुजु गरि सोको आधारमा विद्यालयगत रूपमा उल्लेखित दरका आधारमा वितरण गरिन्छ  र विद्यालयले वितरण गर्न छात्रवृत्ति वि.व्य.स., वडा तथा अभिभावकको रोहोवरमा वितरण गर्न लगाइ सोको भर्पाइ विवरण समेत सङ्कलन गरिन्छ ।

### छात्रवृत्ति वितरण

तालिका नं १५

आ व ०७९।०८० मा नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरणः

| छात्रवृत्तिको किसिम | छात्रा छात्रावृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण कक्षा १-८ | दलित छात्रावृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण कक्षा १-८ | सीमान्तकृत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण कक्षा १-८ |
|---|---|---|---|
| विद्यार्थी सङ्ख्या | २६०० | १०२३ | ८४८ |

### क) विशेष शिक्षा  कार्यक्रम कार्यान्वयन अवस्था (स्रोत कक्षा विषेश विद्यालयको विद्यार्थी विवरण  भौतिक पुर्वाधारको अवस्था उल्लेख गर्ने)

यस कमलामाई नगरपालिकाको बालबालिकाका लागि आवासीय अपाङ्गता भएकाहरुका लागि स्रोत कक्षाको व्यवस्था रहेको छ जसको हेरविचारका लागि ५ जना आयाको समेत व्यवस्था रहेको छ । उक्त स्रोत कक्षामा अध्ययनरत विद्यार्थीको विवरण तपसिल बमोजिम छन्:

**तालिका नं १६**

| क्र.स. | विद्यालयको नाम | सोत कक्षा | विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | श्रीनवज्योति बहिरा माद्यमिक विद्यालय | ४ | २१५ | |
| २ | श्रीजनज्योति माध्यमिक विद्यालय फोस्रेटार | १ | ३५ | |

**क) दिवा खाजा कार्यक्रम कार्यान्वयन ( कार्यक्रम कार्यान्वयनको कार्य ढाँचा,विद्यार्थीको सख्यात्मक विवरण उल्लेख गर्ने)**

इमिस IEMIS तथ्यांकका आधारमा नगरभित्र सञ्चालित सामुदायिक विद्यालयमा कक्षा ५ सम्म अध्ययनरत जम्मा विद्यार्थीहरूलाई रू १५ का दरले १८० दिनको दिवा खाजाको व्यवस्था बमोजिम  विद्यालय खुलेर पठनपाठन भएको दिन एकिन गरी सम्बन्धित विद्यालयले प्रमाणित गरी पठाएको हाजिरी रेर्कडका आधारमा सम्बन्धित विद्यालयमा  दिवाखाजा वापत तोकिएको रकम निकासा गरिन्छ र विद्यालय व्यवस्थापन समिति र सम्बन्धित खाजा व्यवस्थापन समितिको निर्णयका आधारमा स्थानीय स्तरमा उपलव्ध हुने खाद्यान्नका परीकार तथा फलफुलहरु दिवाखाजाको रुपमा खुवाउने गरिएको ।

**तालिका नं १७**

| क्र.स. | विद्यार्थीसंख्या | जम्मा हाजिरी | दर | जम्मा निकासा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५,२०५ | ७,८७,३७२ | १५ | १,१८,१०,५८० | |

**ख) प्राविधिक शिक्षा (प्राविधिक धार सञ्चालित विद्यालय  कक्षागत विद्यार्थी सङ्ख्या प्रयोगशालाको अवस्था उल्लेख गर्ने)**

यस कमलामाई नगरपालिकामा सञ्चालित प्राविधिक धारतर्फको  कक्षागत विद्यार्थी विवरण तपसिल बमोजिम छ:

**तालिका नं १८**

| क्र.सं. | विद्यालयको नाम | कक्षा | | | | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | ९ | १० | ११ | १२ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | श्री गौमति मा.वि. माढीबजार | ४० | ३३ | ३७ | ३१ | १४१ | |
| २ | श्री प्रभात मा.वि. रानीबास | ३१ | ३२ | ११ | १० | ८४ | |
| | | | | | **जम्मा** | २२५ | |

## ग) नमुना विद्यालयको अवस्था

नमुना विद्यालयको अवस्थाः

| भौतिक निर्माणको अवस्था | शैक्षिक कार्यको प्रगति अवस्था |
|---|---|
| • रू. १५ लाख रकम निकासा ।<br>• प्राविधिकको स्टिमेट अनुसारको प्राईमरी भवनको माथि छट ढलान सम्पन्न । | • रु. ३० लाख रकम निकासा ।<br>• तहगत संयोजक व्यवस्थापन ।<br>• मल्टिमेडिया कक्षाकोठा व्यवस्थापन ।<br>• शैक्षिक सामग्री निर्माण तथा व्यवस्थापन ।<br>• शिक्षकहरुको क्षमता अभिवृद्धि गर्ने शिक्षण सुधार योजना सम्बन्धी तालिम सञ्चालन ।<br>• विद्यार्थीहरुको नियमितता अभिवृद्धि गर्न अतिरिक्त क्रियाकलाप सञ्चालन । |

# परिच्छेद–५

## असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरू

### ५.१. असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु

यस नगरभित्रका सामुदायिक विद्यालयको शैक्षिक सवलीकरण गर्ने उद्देश्यले आ.व.२०८०।०८१ मा सञ्चालित कार्यक्रमहरू तपसिल बमोजिम छन् जसको सम्पूर्ण विवरण अनुसूची ३ मा समेत उल्लेख गरिएको छ ।)

१. नगरपालिकाभित्र ३ वटा शैक्षिक क्लष्टरको व्यवस्था गरी सहजकर्ताको व्यवस्था गरिएको,

२. कमलामाई नगरपालिकाभित्रका शुन्य दरवन्दी रहेका मा.वि. विद्यालयमा ९ वटा नगर मा.वि. शिक्षण सिकाइ अनुदान, नि.मा.वि तहमा १३ वटा नि.मा.वि. शिक्षण सिकाइ अनुदान र बालविकासतर्फ १६ वटा बालबिकास सहजकर्ताको लागि अनुदानको व्यवस्था,

३. स्वयम् सेवक शिक्षकको व्यवस्थापन,

४. कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गरी कार्यान्वयनमा ल्याइएको,

५. नगर शिक्षा नीति तथा योजनाको निर्माण र कार्यान्वयन,

६. नगर नमुना तथा नगर आवसीय विद्यालयको विकास,

७. शिक्षक तालिम तथा बृत्तिविकासका कार्यक्रमहरु सञ्चालन,

८. प्राथमिक तहका ६ ओटा विद्यालयहरुमा बहुकक्षा बहुस्तर (MGML) कार्यक्रम सञ्चालन,

९. प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रमका लागि शैक्षिक सामग्रीको वितरण तथा व्यवस्थापन,

१०. नतिजामा आधारित उत्कृष्ट विद्यालयलाई प्रोत्साहन कार्यक्रम

११. कमलामाई नगरपालिकामा सञ्चालित ५ वटा सामुदायिक क्याम्पसहरुलाई प्रति क्याम्पस एक-एक शिक्षक अनुदानको व्यवस्था

१२. विभिन्न गैर-सरकारी संस्थाहरुसँगको समन्वयमा समग्र शिक्षा विकासको योजनाबद्ध प्रयास ।

## ५.२ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू

केन्द्र, प्रदेश र स्थानीय तहबाट प्राप्त कार्यक्रम तथा अनुदान र त्यसको कार्यान्वयनको पक्ष सकारात्मक रहेको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार र भौतिक पक्षको सुदृढीकरणका लागि थप प्रयत्न र बजेटको आवश्यकता पर्दछ । केन्द्रिय तहबाट प्राप्त हुने अनुदान तथा बजेट समयमा नै निकासा नहुनाले कार्यक्रम सञ्चालनमा केहि अफ्ठ्यारो भएको महशुस भयो ।

सामुदायिक विद्यालयको शैक्षिक सवलीकरणका लागि कमलामाई नगरपालिकाले गरेका प्रयास र उपलब्धिहरू तपसिल बमोजिम छन् ।

**नियमित कार्यक्रमबाट प्राप्त उपलब्धिहरू**

१. सेनीटरी प्याड वितरणबाट लाभान्वित संख्या : ४२०८

२. छात्रवृत्ति वितरणबाट लाभान्वित संख्या : ४८११

३. दिवा खाजाबाट लाभान्वित संख्या : ५२०५

४. नि:शुल्क पाठ्यपुस्तक वितरणबाट लाभान्वित संख्या : ११,४८२

५. प्राविधिक धारतर्फ अध्ययनरत विद्यार्थीहरुका लागि प्रतिविद्यार्थी लागत प्राप्त विद्यार्थी सङ्ख्या : २१३

६. सामान्यतर्फ प्रतिविद्यार्थी अनुदान प्राप्त विद्यार्थी सङ्ख्या: *१३१२५*

७. विपन्न लक्षित छात्रवृत्ति प्राप्त विद्यार्थी सङ्ख्या :*१३*

८. बहुकक्षा बहुस्तर शिक्षण कार्यक्रमबाट लाभान्वित हुने विद्यालय सङ्ख्या :६

कमलामाई नगरपालिकाका नगर प्रमुख श्री उपेन्द्रकुमार पोखरेलज्यूबाट विद्यालयको शैक्षिक गतिविधिबारे प्रधानाध्यापकसँग छलफल गर्नु हुदै ।





# श्री जनजागृति माध्यमिक विद्यालय, भीमान



# ICT LAB प्राप्त विद्यालयका तस्विरहरु

## श्री कालिका मा.वि. ध्वमिलेजरायोटार





## श्री नवज्योति बहिरा मा.वि. , जसेदमार

### पुस्तकालय



## श्री जनज्योति माध्यमिक विद्यालय, फोस्रेटार

### एक प्राविधिक विद्यालय, एक उद्यम कार्यक्रममा कृषि





## विद्यालयका IT फोकल शिक्षकतथा लेखा सहायकहरुका लागि IEMIS सम्बन्धी तालिम

